Sharada Research Journal
Multidisciplinary Peer Reviewed, Journal
ISSN : 3102-0658

# रससिद्धान्तका आयाम

मनमाया के.सी.
उपप्राध्यापक
शारदा विद्यापीठ, महेन्द्रनगर
Gmail: manmayakc03@gmail.com

**सारसङ्क्षेप**

प्रस्तुत लेखमा रससिद्धान्तको आयाम अध्ययन गर्ने काम गरिएको छ । यसमा विशेषतः पौरस्त्य रससिद्धान्तलाई रससिद्धान्तका आयामको रूपमा उल्लेख गरिएको छ । गुणात्मक ढाँचामा संरचित यस लेखमा पुस्तकालयीय विधि र विज्ञसँगको सोधनी गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । रससिद्धान्तको आयामलाई प्रस्ट पार्ने सन्दर्भमा पौरस्त्य रस सिद्धान्तलाई सैद्धान्तिक आधार बनाइएको छ । आलेखलाई गति दिने क्रममा पाश्चात्य र नेपाली साहित्यमा रसका सन्दर्भमा आएका केही विद्वानका अभिमतहरू पनि प्रस्तुत गरिएको छ । खासगरी पौरस्त्य आचार्यहरूले दिएका रससिद्धान्त सम्बन्धी अभिमत पौरस्त्य रससिद्धान्तको परम्परा र नेपाली साहित्यमा रस सिद्धान्तको अवस्थाबारे वर्णन गरिएको छ । रसबिना साहित्य नै साङ्ग नहुने र साहित्यका सम्पूर्ण विधाहरू रसरूपी प्राणत्वबाट जीवित रहेको निष्कर्षमा पुगिएको छ भने श्वास दिलाउने रस सिद्धान्त साहित्य क्षेत्रमा यत्र,तत्र र सर्वत्र रूपमा व्यापक स्थान ओगट्न सफल बनेको छ । यो आलेख रससिद्धान्तका बारेमा जानकारी लिन चाहने पाठक वर्ग र अध्येताको लागि सहयोगी हुनेछ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** पौरस्त्य, सिद्धान्त, आयाम, परम्परा, वैदिक ।

## विषयपरिचय

साहित्य सिर्जनाको संसार हो । यस संसारलाई समृद्ध बनाउन विभिन्न सिद्धान्तहरू स्थापित छन् । ती सिद्धान्तहरूमध्ये रससिद्धान्त सर्वप्राचीन सर्वव्यापी सिद्धान्त हो । रसको सन्दर्भमा पौरस्त्य तथा पाश्चात्य दुवै साहित्यमा व्यापक चर्चा भएको पाइन्छ । रस के हो ? साहित्यमा यसको औचित्य के छ ? यसको परम्पराको बारेमा थुप्रै खोजी गरेको तथ्यहरू छन् तर रससिद्धान्तको आयामको र यसले ओगटेका विधाहरूको विषयमा व्यवस्थित तरिकाले अध्ययन अनुसन्धान गरेको पाइँदैन। प्रस्तुत आलेखमा विशेषगरी रससिद्धान्तका आयाम भनेर पौरस्त्य रससिद्धात र पौरस्त्य आचार्यहरुले प्रतिपादन गरेका प्रमुख सिद्धान्तसम्बन्धी अभिमतहरूलाई समावेश गरिएको छ । रससिद्धान्तको आयाम शब्दले सिङ्गो पौरस्त्य र पाश्चात्य साहित्यको प्रतिनिधित्व गरेझैँ लागे तापनि यहाँ खासगरी पौरस्त्य आयामलाई समस्या मानी प्रस्तुत लेख तयार पारिएको छ । यसबाट रसको सिद्धान्त बारेमा जान्न चाहने जिज्ञासु र अध्यतालाई सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## रससिद्धान्तका आयाम

### अध्ययनविधि

यस अध्ययनमा निम्नानुसारको अध्ययन विधिहरूको प्रयोग गरिएको छ:

### अध्ययनको ढाँचा

यो गुणात्मक ढाँचाको अध्ययन हो । यस लेखमा विभिन्न पुस्तकहरूबाट प्राप्त तथ्यहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

### सहभागी र नमुना छनोट

पौरस्त्य साहित्यमा रस, ध्वनि, अलङ्कार, वक्रोक्ति, रीति इत्यादि सिद्धान्तहरू स्थापित छन् । ती सम्पूर्ण सिद्धान्तहरूलाई यस आलेखमा अध्ययनमा सहभागीका रूपमा प्रस्तुत गरिएको छ । यस आलेखमा उद्देश्यमूलक नमुना छनोट पद्धतिअन्तर्गतका आधारमा विभिन्न साहित्य सिद्धान्तमध्ये रससिद्धान्तका आयामलाई छनोट गरिएको छ ।

### तथ्याङ्क सङ्कलन

यस आलेखमा प्राथमिक र द्वितीयक स्रोतका विभिन्न प्रकाशित पुस्तकहरू र पत्रिकाहरूको उपयोग गरिएको छ । प्राथमिक स्रोतका सामग्रीअन्तर्गत पौरस्त्य रससिद्धान्तका जानकार व्यक्तिसँग परामर्श गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी विविध स्रोतबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयत्न गरिएको छ ।

### तथ्याङ्क विश्लेषण प्रक्रिया

विविध स्रोतबाट सङ्कलित तथ्यको वर्णन तथा समीक्षात्मक अध्ययन गरिएको छ । प्राप्त तथ्यलाई पुष्टि गर्न विश्लेषण गरेर निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### सैद्धान्तिक पर्याधार

रससिद्धान्त, रसको समीक्षा, रसविमर्श, रस परम्पराको विषयमा अध्ययन अनुसन्धान भएको पाइन्छ । रससिद्धान्तको आयामको सन्दर्भमा चर्चा गरिएको पाइँदैन तर रसको परम्परा सन्दर्भमा कोइराला (२०६९), रसविमर्श सन्दर्भमा केसी (२०७८) ले समीक्षा गरेको पाइन्छ । रस के हो ? यसको परम्परा अनादिकालदेखि नै सुरु भएको भन्ने विषयमा समीक्षकहरूले पहिलेदेखि हेर्दै र पर्गेल्दै आएका हुन् । रससिद्धान्त सर्वप्राचीन र महत्त्वपूर्ण सिद्धान्त हो । साहित्यका सम्पूर्ण विधा रसबिना अधुरा रहन्छन् । तसर्थ समीक्षकहरू रसलाई साहित्यको आत्मतत्त्वका रूपमा स्वीकार गर्दछन् । साहित्यको मेरुदण्ड मानिने रस पौरस्त्य र पाश्चात्य दुवैतर्फका समीक्षकहरूले महत्त्वका साथ हेरेका छन् । रससिद्धान्तको आयाम शीर्षकले पौरस्त्य पाश्चात्य दुवै नभई पूर्वीय साहित्य सिद्धान्तको आयामलाई नै आधार बनाई यसकै सेरोफेरोमा अध्ययन केन्द्रित रहेको छ । पौरस्त्य साहित्यमा थुप्रै आचार्यहरूले रससिद्धान्तहरू प्रतिपादन गरेका छन् । तीमध्ये रससिद्धान्तका प्रथम प्रवर्तक आचार्य भरतमुनि मानिन्छन् । उनले आफ्नो नाट्यशास्त्रमा

## रससिद्धान्तका आयाम

विभावानुभावव्यविचारीभावसंयोगाद्रस निष्पत्ति भनेर विभाव अनुभाव र सञ्चारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ भनेका छन् (गौतम,२०७९,पृ.२५५) । आचार्य भरतद्वारा प्रणीत सिद्धान्तलाई परवर्ती आचार्यहरूले विभिन्न अभिमत राख्दै व्याख्या गरेका छन् । ती अभिमतहरूमध्ये पण्डित जगन्नाथले रसका आठवटा व्याख्याहरू उल्लेख गरेका छन् तर ती सबैका मूल ग्रन्थ फेला परेका छैनन् । यसर्थ पौरस्त्य रससिद्धान्तका उत्पत्तिवाद, अनुमतिवाद, भुक्तिवाद र अभिव्यक्तिवाद चारै सिद्धान्तलाई अभिनव गुप्तले आफ्ना ग्रन्थमा गाभेर प्रस्तुत गरेका छन् । (शर्मा,२०७२,पृ.४७) । रस सिद्धान्तभित्र रसको सैद्धान्तिक पक्ष, रसको परम्परा, रसको औचित्य जस्ता धेरै विषयवस्तु रहे तापनि यहाँ विशेषत: पूर्वीय रससिद्धान्तको आलोकमा रहेर आचार्यद्वारा प्रणीत रससिद्धान्तहरूलाई सैद्धान्तिक पर्याधार मानी सोहीअनुसार रससिद्धान्तको आयाम पहिल्याउने प्रयास गरिएको छ ।

## छलफल र विश्लेषण

रससिद्धान्तका आयामअन्तर्गत रसविमर्श, रससिद्धान्त, रस परम्परा, रसको आयामजस्ता विविध उपशीर्षकहरूमा यसको अध्ययन गर्ने प्रयास निम्नानुसार गरिएको छ :

### रसविमर्श

साहित्य सिर्जनाको विराट सागर हो । यस सागरलाई समृद्ध बनाउन रस सिद्धान्त, ध्वनि सिद्धान्त, अलङ्कार सिद्धान्त र वक्रोक्ति सिद्धान्त जस्ता थुप्रै सिद्धान्तहरू स्थापना भएका छन्। ती सिद्धान्तहरूमध्ये रससिद्धान्त सर्वप्राचीन र सर्वव्यापक सिद्धान्त हो । रस शब्द संस्कृत भाषाको रस धातुमा अ प्रत्यय लागेर व्युत्पन्न भएको हो । यसको शाब्दिक अर्थ स्वाद ग्रहण गर्न मिल्ने पदार्थ तत्त्व भन्ने बुझिन्छ । प्राचीन समयदेखि नै रसको विषयमा चर्चा परिचर्चा गरिदै आएको पाइन्छ । रसलाई लोकजीवन र साहित्यमा फरक ढङ्गले प्रयोग गरेको भेटिन्छ । विभिन्न अर्थमा प्रयुक्त रसलाई भौतिक जगतमा छ प्रकारमा वर्णन गरिन्छ, जस्तै : अमिलो, तितो, टर्रो, गुलियो, नुनिलो,पिरो आदि । आयुर्वेदमा जलीय पदार्थ शारीरिक वृद्धि गर्ने रूपमा वर्णन गरिन्छ भने वेदमा सोमरसको रूपमा उल्लेख गरेको भेटिन्छ । रसको सन्दर्भमा उल्लेख गर्ने परिपाटी परापूर्वकालदेखि नै भए तापनि साहित्यिक अर्थमा भने रस शब्दको प्रयोग वैदिक कालमा नभएर लौकिक कालमा भएको हो । पृष्ठभूमिको रूपमा रससम्बन्धी चिन्तनको सुरुवात् प्राचीन समयदेखि रहे तापनि सर्वप्रथम रस शब्दको शास्त्रीय प्रयोग आचार्य भरतमुनिको नाट्यशास्त्रमा भएको पाइन्छ (लुइटेल, शर्मा, २०७२, पृ. ४२) । जहाँ विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । यही अभिमतलाई आधारभूमि बनाई तत्कालीन आचार्यहरूले विभिन्न व्याख्या विश्लेषण गरेका छन् । रससिद्धान्त र रसका प्रकारहरू उल्लेख गर्ने सन्दर्भमा पौरस्त्य आचार्यहरूबिच मत मतान्तर देखिएका छन् । त्यसमध्ये कतिपय आचार्यहरूले आठओटा रसका प्रकारहरू उल्लेख गरेका छन् भने अन्य विद्वानहरूले शान्तरसलाई थपेर नौ प्रकारमा वर्गीकरण गरेका छन् । समग्रमा साहित्यमा नौ प्रकारका रसको वर्णन महत्त्वपूर्ण मानिन्छ । रसको यही नौ प्रकारका वर्गीकरणलाई नवरस मानी ती रसको लक्षण उदाहरण निम्नानुसार प्रस्तुत गरिन्छ (२०७२, पृ.५३) ।

**रससिद्धान्तका आयाम**

**(क) शृङ्गार रस**

रति स्थायी भाव हुने शृङ्गार रस हो । यस रसमा आपसमा प्रेम अनुरागमा बाँधिएका नायक नायिकाको प्रेम अनुरागको वर्णन गरिएको हुन्छ । शृङ्गार रसलाई संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार गरी दुई प्रकारमा वर्गीकरण गरिन्छ ।

अ) **संयोग शृङ्गार** संयोग शृङ्गारमा नायक नायिकाको संयोगात्मक प्रेमको वर्णन हुन्छ,

जस्तै :

कस्तो प्रीति थियो भने त उहिले एकज्यू भई बस्तथ्यौँ
अत्तर चन्दन केवरा घसी दुवै एकान्तमा पस्तथ्यौ ॥ (लुइटेल,शर्मा, २०७२,पृ. ५३)

आ) **विप्रलम्भ शृङ्गार** विप्रलम्भ शृङ्गारमा वियोगात्मक अवस्थाको वर्णन गरिन्छ,

जस्तै :

यो एकान्त विहार, यो चहकिलो श्रृंगार, यो चाँदनी
यो शैय्या फुलको, लता भवन यो, यस्ती प्रिया कामिनी ।
यो मौका वय यो, महाप्रणय यो, स्वर्गीय यो कौतुक
यो सम्पूर्ण कुरा चटक्क भुलने धिक्कार नालायक ॥ (पौड्याल, २०६२, पृ. २३९ )

**(ख) वीर रस**

उत्साह स्थायी भाव हुने रसलाई वीर रस भनिन्छ । यस रसमा युद्ध, पराक्रम, दया, दान, धार्मिक कार्यमा विशेष उत्साह भयो भने उल्लास निष्पत्ति भई वीर रस उत्पन्न हुन्छ । यसलाई युद्धवीर, दानवीर, धर्मवीर, दयावीर गरी चार भागमा राखेर वर्गीकरण गरेको पाइन्छ, जस्तै :

छप्काई शत्रुलाई छपछप खुकुरी धारा हाम्रो कुडिन्न
गर्दी घम्सान पर्दा पछितिर मुहुडा हेर हाम्रो मुडिन्न ॥ (पौड्याल,२०६२, पृ.२४

**(ग) करुण रस**

शोक स्थायी भाव हुने रसलाई करुण रस भनिन्छ । यो रस प्रियजनको मृत्यु वा अतिप्रिय वस्तुको विनाशबाट उत्पन्न हुन्छ, जस्तै :

माइत जाउँ माइती छैनन् घरबार भित्कयो
वरपर बास बसौँ पापी पैरो लित्कयो
कहाँ पारु मेरो राजा जोवनका फूल
जोवनका फूल कठै सन्तानका मूल (गौतम,ओझा, २०७९, पृ. २३२) ।

**(घ) हास्य रस**

हास स्थायी भाव हुने रसलाई हास्य रस भनिन्छ । यो रस विकृत आकृति वेषभूषा बानी व्यहोराहरूले निष्पत्ति

हुन्छ, जस्तै:

मनभोग, पुरीसेल, ठेलमेल, भइरहोस्।
भोको बाहुनको पेट कुभिण्डोरिको हओस्। (पौड्याल, २०६२,पृ.२४०)

**(ङ) रौद्र रस**

क्रोध स्थायी भाव हुने रस रौद्र रस हो। रौद्र रस शत्रु पक्षबाट गरिएको अपमानपूर्ण व्यवहार, देश धर्मको अपकार र अपमान जस्ता कार्यहरूबाट उदय हुन्छ। यस रसमा अनिष्ट काम गर्ने प्रवृत्ति वा देशद्रोही आलम्बन विभाग हुन् भने अपराधीबाट हुने हत्या, अपमान, बलात्कार उद्दीपन विभाव हुन्। यस रसमा बिझ्ने वचनबाट असह्य भई पाखुरा सर्कनु, गर्जनु, ओठ टोक्नु, आँखा रातो, हुने क्रियाहरू अनुभावकका रूपमा आउँछन् । त्यस्तै उन्माद कठोरता क्रुरता स्मृति आदि सञ्चारी भाव हुन्, जस्तै:

कसको पुत्र तँ होस् बता मकन रे जाबो पुरानो धनू
भाँच्दैमा अति गर्व भो तँकनता धेरै कुरा क्या भनू
यो ता हो हरिको धनू वीरभया ताँदो यसैमा चढा
भन्दै खुब् रिसले रह्या परशुराम् राम्कै अगाडि खडा। (पौड्याल, २०६२, पृ. २४२)

प्रस्तुत श्लोकमा राम विषय आलम्बन आलम्बनका रूपमा आएको देखिन्छ भने परशुराम आश्रय आलम्बनका रुपम देखिन्छन्। रामद्वारा शिव धनु उद्दीपन विभाव हो। यस्तै परशुरामद्वारा गरिएको रामको निन्दा अनुभाव हो। उग्रता र क्रोध सञ्चारी भाव हुन् (उपाध्याय,२०४८, पृ.६६५)।

**(च) भयानक रस**

भय स्थायी भाव हुने रस भयानक रस हो। भयानक रसमा डरलाग्ने जन्तु, दृश्य, अन्धकार, हिंस्रक जन्तु, भूत, प्रेत, मसान आदि आलम्बन विभाव हुन् भने डरलाग्दा वस्तु तिनका क्रियाकलाप एवं व्यवहार उद्दीपन विभाग हुन्। डरले रौ ठाडिनु, काम छुट्नु, पसिना आउनु, रुनु, कराउनु, अनुभाव हुन् । डर, चिन्ता, मुर्छा, शङ्का, ग्लानि, आवेग आदि सञ्चारीभाव हुन्, जस्तै :

रागेपाटे अतिशय ठूलो लौन नि बाघ आयो
झम्ट्यो गाई थरथर भएँ होस् मेरो हरायो
कामे गोडा ढुकढुक मुटु ठाउँ नै छोड्न लाग्यो
भागौँ हामी घरतिर छिट्टै साइँलो फुत्त भाग्यो। (लुइटेल, शर्मा, २०७२, पृ. ५५)

प्रस्तुत कवितांशमा रागेपाटे गाई आलम्बन विभाग र गाईमा झम्टनु उद्दीपन विभाव हो। यसबाट त्रसित भएर होस हराउनु, थरथर काम्नु, अनुभाव र शङ्का र त्रास तथा आवेगमा भाग्नु व्यविचारी भाव हुन् ( आचार्य, २०६५, पृ. १८)।

**(छ) अद्भुत रस**

विस्मय स्थायी भाव हुने रस र अद्भुतरस हो । यस रसको कारक नै विस्मय हो । यसमा अनौठो अलौकिक र विस्मयकारी पात्र वा क्रियाकलाप आलम्बन विभाव हुन्छ भने त्यस्ता अलौकिक वा विस्मयकारी वस्तु वा पात्रका क्रियाकलाप उद्दीपक र आँखा फैलाउनु, काप्नु, पसिना छाड्नु, रोमाञ्चक आदि अनुभाव हुन्छन् (पौड्याल, २०६५, पृ. २४२) । जस्तै:

सुधाको त्यो झर्ना,कवि हुन गए सीकरसरी,
थियो त्यो शोभाको जलधि, कविजी मञ्जु लहरी,
मिठो त्यो मिश्रीको रस, मधुर मिश्री कवि थिए,
आहा कस्तो कस्तो अगम छविमा तन्मय भए ।

प्रस्तुत कवितांशमा कवित्व शक्ति आलम्बन विभाव कवित्व शक्तिको विचित्रता, अलौकिकता र मधुरता उद्दीपन विभाव, स्तम्भ, स्वेद, रोमाञ्च आदि अनुभाव अव्यक्त रुपमा आएका छन् ।

**(ज) बीभत्स रस**

जुगुप्सा वा घृणा स्थायी भाव अभिव्यञ्जित हुने रस बीभत्स रस हो । यो रस उत्पन्न हुनका लागि दुर्गन्धित र घृणास्पद वस्तु, फोहोर स्थल वा पात्र आलम्बन हुन्छन् भने यस रसलाई प्रस्फुटन गर्न सघाउने दुर्गन्धित वातावरण, क्रियाकलाप उद्दीपक भई आउँछन् । यसमा नाक खुम्च्याउनु, नाक थुन्नु क्रियाहरू अनुभाव र ग्लानि, आवेग, चिन्ता व्यभिचारी भाव भई आउँछन् (पृ.२०४१) । जस्तै:

खैरे कुकुर एक घाउ छ हरे ! रोगी लुत्याहाकन,
पालेको घरमा लुते पुच्छरको डोलाउँ त्यो सज्जन,
साह्रै भक्त भई शिलाहरू खप्यो ढुङ्गामुढा बेसरी
फोरी खप्पर क्याकलाङ् गरि जियो पी रक्त आफ्नै हरि ! (पौड्याल, २०६२, पृ. २४१)

प्रस्तुत श्लोकमा रोगी र लुत्याहा कुकुर आलम्बन विभाव, द्रष्टा आश्रय, कुकुरको घाउ उद्दीपन विभाव, खप्पर फुटेको त्यो देखेर सिकसिको लाग्नु, वान्ता आउनु सञ्चरी भाव हो ।

**(झ) शान्त रस**

निर्वेदस्थायिभावोऽस्ति शान्तोऽपि नवमो रस:( विश्वनाथ, २००७, पृ. ३४ ) ।
निर्वेद वा सम / वैराग्य स्थायी भाव अभिव्यञ्जित हुने रस शान्त रस हो । शान्तरसमा सुख दुःख समान अवस्थामा प्रकट हुन्छ । अर्थात् सांसारिक मोहबाट मुक्त भई अनित्यता र नि:सारता बोध गर्दा वैराग्य चित्तवृत्तिबाट शान्त रस उत्पन्न हुन्छ । जस्तै:

छुती विद्वान् होस् वा मलिन कुलको मूर्ख अछुती
कुनै त्यागी होस् वा विषय रसरागी लखपति

समानै ठान्थे ती विधि विहिन चैतन्य पुतली
पछि हेर्दाहेर्दै तर हृदय हाँस्यो अलिअलि ॥ (पौड्याल, २०६२, पृ. २४३)

उपर्युक्त काव्यांशमा विद्वान्, मूर्ख, त्यागी वा रागी आलम्बन विभाग हुन् भने चैतन्य पुतली र समभाव उद्दीपन तथा समानता बोध गर्ने अनुभाव हुन् । यसमा हास्य र हर्ष व्यभिचारी भाव भई आएको छ ।

**रससिद्धान्त**

पौरस्त्य परम्परामा रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्ति आदि जस्ता सिद्धान्तहरू स्थापित छन् । ती सम्पूर्ण सिद्धान्तहरूमध्ये रससिद्धान्त प्राचीन र चर्चित सिद्धान्त मानिन्छ । रस शब्दको बारेमा वेदमा सामान्य चर्चा गरिएको पाइए तापनि राजशेखर जस्ता आचार्यहरूले नन्दिकेशरदेखि रसको सुरुवात् भएको भन्ने कुरा उल्लेख गरेको भेटिन्छ। यी अभिमतहरुलाई पृष्ठभूमिको रुपमा उल्लेख गर्दा रसको आधिकारिक आरम्भ गर्ने अधिष्ठाता भरतमुनि नै हुन् । आचार्य भरतमुनिले सर्वप्रथम उनको ग्रन्थ नाट्यशास्त्रमा रसको बारेमा उल्लेख गरेका छन् ।" विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति। भनेर रससूत्रको स्वरूप बताएका छन् ( पौड्याल, २०६२, पृ.२३५ ) । भरतको मत अनुसार विभाव, अनुभाव र व्यविचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ भन्दै रसलाई काव्यको महत्त्वपूर्ण अङ्गको रुपमा चर्चा गरेका छन् । आचार्य भरत विशेषतः रस कसरी प्राप्त हुन्छ? रसका सामग्रीहरू के कस्ता हुन्छन् ? भन्ने विषयमा केन्द्रित रहेको देखिन्छ । यस सूत्रलाई आधार मान्दै तत्पश्चात थुप्रै आचार्यहरूले भिन्नभिन्न मतहरू प्रस्तुत गरेका छन्। पण्डित जगन्नाथले रसगङ्गाधरमा उक्त सूत्रलाई लिएर गरिएका एघार वटा आचार्यहरूको व्याख्या सम्बन्धी अभिमत उल्लेख गरेका छन्। ती सम्पूर्ण व्याख्याहरूमध्ये यहाँ रसूत्रलाई आधार बनाइ अगाडि ल्याइएका केही महत्त्वपूर्ण मतान्तरहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिन्छ ।

**भट्टलोल्लट**

भट्टलोल्लट आठौँ शताब्दीका मीमांशक हुन् । यिनलाई भरतको रससूत्रको प्रथम व्याख्याता मानिन्छ । यिनले आचार्य भरतमुनिको रससूत्रमा रहेका संयोगात् र निष्पति शब्दलाई क्रमश: कार्यकारणभाव सम्बन्ध र उत्पत्ति लगाएका छन् (न्यौपाने, २०७०,पृ.१६९)। यसर्थ लोल्लटले रस मूलपात्रमा रहन्छ अर्थात् कविनिबद्ध, पौराणिक, ऐतिहासिक, वास्तविक पात्रमा रहन्छ । नाटक वा काव्यमा अभिनयको क्रममा अनुकर्तामा (नट नटीमा) आउँछ । रस मूलपात्रमा राम सीता जस्ता आदर्श चरित्रमा स्थायी भावको रुपमा निहित हुन्छ। बिस्तारै अन्य पात्रहरूले ती पात्रको अभिनय गर्दा दर्शक वा पाठकलाई साक्षात् राम सीता नै हुन् भनेर प्रतीति हुन्छ र रस उत्पत्ति हुन्छ। त्यस्तै अँध्यारो स्थानमा डोरीलाई सर्पको भ्रममा परे जस्तै रस व्यभिचारी भावद्वारा ग्रहण गर्न योग्य हुन्छ। उनको व्याख्यामा मूलतः संयोगको अर्थ कार्यकारण सम्बन्ध वा उत्पादक - गम्य-गमक- पोष्य -पोषक सम्बन्धको समष्टि रूप देखिन्छ ।

**श्रीशङ्कुक**

श्रीशङ्कु नवौँ शताब्दीका आचार्य हुन् । उनले भट्टलोल्टको उत्पत्तिवाद सम्बन्धी अभिमतलाई खण्डन गर्दै

आफ्नो अनुमितिवाद नामक सिद्धान्त स्थापित गरेका छन्। यिनले आचार्य भरतमुनिको नाट्यशास्त्रमा उल्लेखित निष्पत्ति शब्दको अर्थ अनुमिति र संयोगको अर्थ अनुमाप्य अनुमापक भन्ने निर्धारण गरेका छन् (न्यौपाने, २०७०,पृ.१६९) । श्रीशङ्कुकले धुमबह्नि तथा चित्रतुरग न्यायका आधारमा आफ्नो मत प्रस्तुत गरेका छन्, जस्तै: धुवाँ उडेको देख्दा त्यहाँ पक्कै आगो छ भन्ने अनुमान गरिन्छ । त्यस्तै रङ्गमञ्चमा राम सीताले अभिनय गर्दा आरोपित नगरी बरु उनीहरूलाई वास्तविक राम सीता हुन् भन्ने अनुमान गरी रस उत्पन्न हुन्छ । यसै अनुरूप चित्रतुरगा न्यायका आधारमा पनि दर्शकहरू चित्रका घोडाहरू देखेर ती वास्तविक घोडा जस्तै हुन् भन्ने ठानेर आनन्दित हुन्छन् ।

**भट्टनायक**

भट्टनायक दसौँ शताब्दीका साङ्ख्य दर्शनका अनुयायी आचार्य हुन् । उनले पनि पूर्ववर्ती आचार्यहरूका अभिमतको खण्डन गरी नवीन सिद्धान्त भुक्तिवादको स्थापना गरेका छन् । भट्टनायकले भरतको रससूत्रमा रहेको संयोगात् शब्दको अर्थ -अर्थ भोज्यभोजक सम्बन्ध, निष्पत्ति- शब्दको अर्थ भुक्ति लगाएका छन् (न्यौपाने ,२०७०, पृ. १७०) । यस भुक्तिवादी अभिमतमा भट्टनायकले रस निष्पति अनुकार्य अनुकर्ता कसैमा रहँदैन यो त सहृदयमै रहन्छ भनेका छन्। आफ्नो व्याख्यालाई प्रस्ट पार्ने क्रममा साधारणीकरणको सिद्धान्तको कल्पना गरेका छन्, जुन मनोविज्ञानसँग नजिक देखिन्छ साथै वैज्ञानिक पनि मानिन्छ । यस्तैगरी उनले अभिधा व्यापारका साथै भावकत्व र भोजकत्व व्यापारको पनि परिकल्पना गरेका छन्। यस प्रक्रियामा अभिधाद्वारा शब्दलाई बोध हुने भावकत्व व्यापारद्वारा स्थायी भावको साधारणीकरण भई भोजकत्व व्यापारबाट सामाजिकले रसभोग गर्दछ । यसरी उनका अनुसार राम ,सीता, दुष्यन्तलाई त्यही रूपमा नलिएर आत्मस्थ बनाइ रतिभाव प्राप्त गर्न भावकत्व स्वीकार्नुपर्छ । यस अवस्थामा विशिष्ट व्यक्तिको विशिष्टता भाव हराएर उनीहरू पनि सामान्य मानिस सरह बन्न पुग्दछन् । साधारणीकरणको सिद्धान्तले मूल पात्रमा रहेको पूज्यभावलाई साधारणीकृत गरी सामान्य व्यक्तिमा परिणत गर्दछ । तत्पश्चात् भावकले स्थायी भावलाई आफ्नै ठानी साधारणकृत गर्दछ र भोजगत्व व्यवहारद्वारा रसको रुपमा ग्रहण गर्दछन् ।

**अभिनवगुप्त**

अभिनवगुप्त दशौँ शताब्दीका साङ्ख्यदर्शनका ज्ञाताका साथै ध्वनिवादी आचार्य हुन् । उनले आचार्य भरतको रससूत्रमा प्रयुक्त संयोगात्- शब्दको अर्थ व्यङ्ग्य -व्यञ्जक भाव सम्बन्ध र निष्पति शब्दको अर्थ- अभिव्यक्ति लगाएका छन् । रससिद्धान्तको व्याख्या गर्ने क्रममा यिनले साङ्ख्य वेदान्त दर्शनको आधार लिएर चर्चा गरेका छन्। उनका अनुसार प्रेक्षकका मनमा रति, क्रोध ,उत्साह जस्ता स्थायी भावहरू संस्कारका रूपमा पहिलेदेखि रहेका हुन्छन् । काव्यगत विभाव र व्यिभचारी भावले विभावन अनुभावन र सञ्चरण व्यापारद्वारा साधारणीकरण गर्दा प्रेक्षकको मनमा रहेका स्थायी भावहरु पनि साधारणीकरण भई रसको रुपमा अनुभूत हुन्छ । जस्तै : पानीले भरिएको पोखरीमा ढुङ्गा फाल्दा पानी छचल्किन्छ सोही अनुरुप रस अभिव्यक्त हुन्छ। यिनले पूर्ववर्ती आचार्यहरूका खण्डन योग्य कुराहरूको खण्डन र मण्डनयोग्य कुराहरूको मण्डन पनि गरेका छन् । यसर्थ गुप्तले आफ्नो अभिमतलाई थप वस्तुनिष्ठ बनाएका छन् । उनको अभिमतमा स्थायी भावको सम्बन्ध दुध र दहीको जस्तै हुन्छ । निश्चित परिवेश र परिस्थिति सिर्जना भएपछि मात्र दुध दहीमा परिणत भएझैँ

साधारणीकरणको विशिष्ट परिवेशमा मात्र स्थायीभाव रसको रूपमा परिणत हुन्छन् । यस्तो परिवर्तन गराउने काम काव्यगत विभावादिले गर्दछ ।

**रस परम्परा**

रस परम्परा पूर्वीय साहित्यशास्त्रमा प्रचलित सर्वप्राचीन र सर्वव्यापक परम्परा हो । रस शब्दको प्रयोग परापूर्वकालदेखि विविध अर्थमा प्रयुक्त हुँदै आएको पाइन्छ । भिन्न भिन्न अर्थमा प्रयुक्त रसलाई साधारणतया पदार्थमा रहने तरल गुण भन्ने गरिन्छ, भने साहित्य क्षेत्रमा आनन्दात्मक अनुभूतिका रूपमा अर्थ्याइन्छ। रसको परम्परालाई नियाल्दा सर्वप्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्न सकिन्छ । ब्राह्मण, उपनिषद् जस्ता ग्रन्थहरूमा पनि रसको चर्चा गरेको भेटिन्छ । ब्राह्मण ग्रन्थहरूमा रसलाई आत्मतत्त्वको रुपमा प्रस्तुत गरिएको भेटिन्छ (पौडेल, २०६२, पृ.१०११) । वैदिक युगमा रसको सामान्य चर्चा भएको पाइए तापनि लौकिक साहित्यमा विविध अर्थमा रसको परिचर्चा भएको पाइन्छ । भरतपूर्वको समयलाई हेर्दा वात्सायनको कामसूत्रबाटै रसको शास्त्रीय चिन्तनको आरम्भ भएको देखिन्छ । रसको चर्चा प्रयोग वैदिक कालदेखि हुँदै आएको पाइए तापनि व्यवस्थित तवरले वा काव्यशास्त्रीय दृष्टिले रसको चिन्तन आचार्य भरतमुनिको नाट्यशास्त्रबाटै भएको मानिन्छ । जहाँ भरतले रसलाई नाटकको मूलतत्त्वको रूपमा स्वीकार गरेका छन्। तत्र: “विभावानुभावव्यभिचारीभावसंयोगाद्रसनिष्पति” भन्ने सूत्रको प्रतिपादन गरेका छन् । यही सूत्रलाई आधार मानेर थुप्रै परवर्ती आचार्यहरूले रसका सन्दर्भमा प्रशस्त व्याख्या विवेचना गरेका छन् । यही रससम्बन्धी चर्चा परिचर्चा गरेको अवधिलाई सामान्यतया तीन प्रकारमा वर्गीकरण गरिन्छ (पौडेल,२०६६, पृ. १११) ।

१. ध्वनिपूर्ववर्ती काल (ई .पू. १ /२ शताब्दीबाट ई.को आठौँ शताब्दीसम्मको अन्त्यसम्म)
२. ध्वनिकाल (नवौँ शताब्दीबाट – एघारौँ शताब्दीको पूर्वार्ध )
३. ध्वनिपरवर्ती काल (एघारौँ शताब्दीको उत्तरार्ध- इ.को सत्रौँ शताब्दीको अन्त्यसम्ममा)

**ध्वनिपूर्ववर्तीकाल**

यस कालका आरम्भकर्ता आचार्य भरतमुनि हुन् । उनको नाट्यशास्त्र नामक ग्रन्थमा रससिद्धान्तको उल्लेख गरिएको छ। यस समयमा मूलतः रसविरोधी धारा, रसवादी धारा गरी दुई किसिमका पृथक धाराहरूको विकास भएको देखिन्छ। रस विरोधी अभिमत राख्नेहरूमा आचार्य भामह, दण्डी, उद्भट ,रुद्रट र वामन पर्दछन् भने रसवादी चिन्तन राख्नेहरूमा भट्टलोल्लट, शङ्कुक जस्ता आचार्यहरू पर्दछन्।

**ध्वनिकाल**

ध्वनिकालको प्रारम्भ आनन्दवर्धनको ध्वनि सिद्धान्तको स्थापनाबाट भएको मानिन्छ । यसर्थ आनन्दवर्धनदेखि भोजराजसम्मको समय ध्वनिकालको समयवधि मानिएको छ । ध्वनि सिद्धान्तमा काव्यको आत्मा ध्वनि र ध्वनिको आत्मा रसलाई लिएको पाइन्छ (लुइटेल, शर्मा, २०७२, पृ. ४१ ) । यस समयमा विशेषतः तीन किसिमका काव्यशास्त्रीय धाराहरूको विकास भएका छन् । ती धाराहरूमा रसवादी धारा,समन्वयवादी धारा र स्वतन्त्र धारा रहेका छन् । रसवादी धारा

अन्तर्गत भट्टनायक, अभिनवगुप्त, राजशेखर, धनञ्जय धनिक, महिमभट्ट जस्ता आचार्यहरूले सशक्त रुपमा आफ्ना अभिमत प्रस्तुत गरेका छन् । त्यस्तै समन्वयवादी धाराअन्तर्गत थुप्रै आचार्यहरूले पूर्ववर्ती अवधारणालाई आत्मसात् गर्दै नवीन दृष्टिकोण प्रस्तुत गरेका छन् । त्यस्ता समन्वयवादी दृष्टिकोण राख्ने आचार्यहरूमा आचार्य भोजराज पनि पर्दछन् । ध्वनिकालीन समयमा स्वतन्त्र धाराको पनि विकास भएको पाइन्छ । यस धाराका अनुयायीहरू खासगरी परम्पराभन्दा फरक काव्यशास्त्रीय चिन्तनलाई अपनाएका देखिन्छन् । उनीहरूले काव्यको आत्मतत्त्वको रूपमा वक्रोक्तिलाई स्वीकार गरेका छन् भने रसलाई वक्रोक्तिको मुख्य आधार मानेका छन् ।

**ध्वनिपरवर्ती काल**

तेस्रो चरण अर्थात् ध्वनि परवर्तीकाल मम्मटदेखि पण्डित जगन्नाथसम्मको समयलाई मानिन्छ (पौडेल, २०६६ ,पृ. ११३ ) । यस समयमा विशेषत: ध्वनिवादी, अलङ्कारवादी र रसवादी धाराहरू सशक्त रूपमा देखिएका छन् । ध्वनिवादी सिद्धान्तका प्रवर्तक आनन्दवर्द्धनले ध्वनिविरोधी मतहरूको खण्डन गर्दै रसलाई सर्वोत्तम ध्वनिका रूपमा उल्लेख गरेका छन् । यसै समयका अर्का आचार्य भामहले अलङ्कारवादी धारामा आफ्नो अभिमतहरू प्रस्तुत गर्दै रसप्रति अनुदार देखिएका छन्। तत्कालीन समयमा रसवादी धाराको पनि विकास भएको पाइन्छ । यस धाराका आचार्यहरूमा भरत, भट्टनायक अभिनव गुप्त आदि पर्दछन् । उनीहरूको अभिमतमा गुण, अलङ्कार रीति आदिलाई सहायक तत्त्व र रसलाई प्राण तत्त्वको रूपमा उल्लेख गरेका छन् ।

**रससिद्धान्तको आयाम**

रससिद्धान्त सर्वप्राचीन, सर्वश्रेष्ठ सिद्धान्त मानिन्छ । रस सिद्धान्तका प्रवर्तक आचार्य भरतमुनि हुन् । रससिद्धान्तको आयाम भन्नाले साधारणतया यस सिद्धान्तको फैलावट वा विस्तार भन्ने बुझिन्छ । रससिद्धान्तको विस्तारलाई नियाल्न सर्वप्रथम साहित्यका विभिन्न विधाहरूलाई अध्ययन गर्नु आवश्यक देखिन्छ । पौरस्त्य साहित्यमा प्रचलित विधाहरूमा मूलतः कविता, नाटक, कथा, उपन्यास ,निबन्ध जस्ता विधाहरू पर्दछन् । यी विधाहरूको उदय पूर्व नै पौरस्त्य साहित्य परम्परामा विभिन्न वादहरूको जन्म भएको पाइन्छ । ती वादहरूमा रसवाद, ध्वनिवाद, अलङ्कारवाद, वक्रोक्तिवाद, रीतिवाद र औचित्यवादहरू पर्दछन् । (आचार्य, २०६५, पृ. १२) यी प्रचलित वादहरूमध्ये रसवाद जेष्ठ सिद्धान्तका रूपमा स्थापित छ । यो सिद्धान्त जेष्ठतामा मात्रै सीमित नरही श्रेष्ठतम पनि छ । साहित्यका सम्पूर्ण विधाहरू रसबिना असम्भव नै देखिन्छन् । हरेक साहित्यिक विधामा रसमा निहित आह्लादपूर्ण, अलौकिक मिठासताले प्राण भरिरहेको हुन्छ । रसबिना कुनै काव्यको परिकल्पना नै गर्न सकिँदैन यदि कसैले गर्छ, भने त्यो मूर्खताको व्यर्थकार्य मात्र हुन्छ । रसको आयाम पहिल्याउन हरेक साहित्यिक विधाको अध्ययन अपरिहार्य छ । चाहे पद्य होस् या चाहे गद्य होस् हरेक सिर्जनाको संसारमा रसको मिश्रण देखिन्छ, यसर्थ रस साहित्य जगतको मिस्री हो भन्दा पनि अतियुक्ति हुँदैन । यहाँ साहित्यका केही महत्त्वपूर्ण विधाहरूमा रसको फैलावट के कस्तो रहेको छ ? उदाहरणसहित प्रस्तुत गरिन्छ ।

**कविता विधा**

आँसु बगाई कहिले रुन्छु, कहिले मुर्दा तुल्य म हुन्छु
कहिले पागल सरि उफ्रन्छु, केवल वनका सुख सम्झन्छु ।। (आचार्य, २०१२, पृ.३२६)।

उल्लिखित कवितांशमा सुगाको करुणध्वनि, पीडाले मुर्दाझैँ भएको, पागलपनले उफ्रिएको, आफ्नो स्वतन्त्रता गुमेको भाव मुखरित भएको छ । यसर्थ उक्त श्लोकमा करुण रस अभिव्यक्त भएको छ ।

**नाटक विधा**

"हो म यो मसानमा एकछिन पनि टिक्न सक्दिनँ,यो घरमा स्वास्नीमान्छेहरूको जिउँदै दागबत्ती हुँदोरहेछ ।" (डुङ्गेल, दाहाल, २०६७, पृ.१०१) । उल्लिखित उक्ति नाटककार गोपालप्रसाद रिमालद्वारा रचित मसान नाटकबाट उद्धृत गरिएको हो । मसान नाटकमा युवतीले मृत्युपश्चात् पुगिने मसान घाटभन्दा जिउँदै नारीलाई मारिने घर झन् ठूलो मसानघाट हो, भन्दै करुणा मिश्रित आक्रोश भाव व्यक्त गरेकी छिन् । वास्तवमा सर्वे सर्वा ठानेर अँगालिएको श्रीमानबाट चोखो प्रेम नपाउँदा उसका मनमा विद्रोह पैदा भएको छ । यसर्थ प्रस्तुत उक्तिमा करुण मिश्रित रौद्र रसको प्रधानता रहेको छ ।

**कथा विधा**

केशवराज एक्कासी ५० वर्षका बुढा जस्ता देखिन थाले । हिँड्दा कम्मरमा हात लगाउन पर्ने भयो लठ्ठीको आवश्यकता परेको तिनले थाहा पाए (पौड्याल, २०६२ ,पृ. १३७) । यो कथांश विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित दोषी चस्मा कथाबाट साभार गरिएको हो । यस कथामा प्रजातन्त्र पूर्वको नेपाली समाज र जनताले खेपेको सास्तिलाई प्रस्तुत गरिएको छ । उक्त कथांशमा केशवराज जस्ता गरिखाने वर्गमा देखापरेको मानसिक विचलनले करुण रसको उद्बोधन गर्दछ ।

**उपन्यास विधा**

चिललाई धपाउन जिउ हल्लाउन खोजेँ । एक बित्ता शेष रहेको दायाँ पाखुरो हल्लाए, जबर्जस्ती कुकुरको पुच्छर जस्तै हल्लियो तर त्यसले दुखाईको पारो मात्र बिउँतियो (ओझा, २०८०, पृ. ९)। यहाँ विवेक ओझाद्वारा रचित 'ऐँठन' उपन्यासको अंश समावेश गरिएको छ। यस उपन्यासमा दश वर्षीय जनयुद्धको बीभत्स दृश्यलाई उजागर गरिएको छ । यसर्थ उक्त उपन्यासको अंशमा बीभत्स रसको प्रयोग भएको छ ।

**निबन्ध विधा**

म त असार एक गते निकै रोएँ । रुनु मनलाई हलुका पार्नु हो, भन्ने धेरैको सोचाई छ, तर हेर्नुस् जति रोयो उति भकानो फुटेर आउँछ( ढुङ्गेल, दहाल, २०६६, पृ. ४५४) । प्रस्तुत निबन्धांश तारानाथ शर्माको आँसु छचल्किँदै जान्छ भन्ने निबन्धबाट साभार गरिएको हो । यस निबन्धमा निबन्धकारले आफ्नो पितृ शोकका समयमा भावविहोल भएको आफू टुहुरोको अनुभूति गरेको कारुणिक भाव व्यक्त गरेका छन् । यसर्थ उक्त निबन्धमा करुण रसको उद्बोधन भएको छ ।

## निष्कर्ष

रस भन्नाले काव्यकृतिको अध्ययन पश्चात् प्राप्त गरिने आह्लादलाई बुझिन्छ । भौतिक जगतमा रसको रूपमा अमिलो, तितो, टर्रो, नुनिलो, गुलियो ,पीरोआदि जस्ता षड्सलाई वा स्वादलाई लिने गरेको पाइन्छ। साहित्यमा भने रसको अर्थ नितान्त पृथक् रहेको छ । साहित्यमा रस कृति पठनपछि प्राप्त हुने आनन्द नै हो । जुन हृदयले महसुस गर्दछ । रस सङ्ख्याको प्रसङ्गलाई लिएर पौरस्त्य आचार्यहरूमा प्रशस्त मतभेदहरू देखा पर्दछन् । ती सम्पूर्ण मतभेदहरूलाई अध्ययन गर्दा वीर ,करुण, भयानक, हास्य, रौद्र, बीभत्स , अद्भुत र शान्त गरी नौ प्रकारका रसहरूलाई नै रस प्रकारका रूपमा लिन सकिन्छ । यी नवरसका माध्यमले मानव हृदयले आत्मिक, अलौकिक आनन्द वा आह्लाद प्राप्त गर्दछ जुन आह्लाद ब्रह्मानन्द सहोदर हुन्छ । पौरस्त्य साहित्य परम्परामा रससिद्धान्त सर्वप्राचीन, सर्वव्यापक, सिद्धान्तका रूपमा रहेको छ । यस सिद्धान्तका आरम्भकर्ता आचार्य भरतमुनि हुन् । आचार्य भरतले "विभावानुभावव्यभिचारीभावसंयोगाद्रसनिष्पति" भनेर रससिद्धान्त सम्बन्धी सूत्र प्रतिपादन गरे । त्यही सूत्रलाई आधार मान्दै भट्टलोल्लट, श्रीशङ्कु, भट्टनायक, अभिनव गुप्त आदि जस्ता आचार्यहरूले विभिन्न अभिमत राख्दै व्याख्या गरेका छन् । जुन व्याख्याहरू ऐतिहासिक दृष्टिले स्वर्णयुगभन्दा पनि अत्युक्ति हुँदैन । डा.नगेन्द्रले रससिद्धान्तको पुन: व्याख्या गर्दै थप प्रस्ट पार्ने सन्दर्भमा रससिद्धान्त संस्कृत काव्यशास्त्रको सबैभन्दा मूल्यवान् सिद्धान्त हो भन्ने उल्लेख गरेका छन् । वास्तवमा काव्यको मूल्यवान् पक्ष भावना या अनुभूति हो । त्यो पक्ष रससिद्धान्तमा प्रचुर मात्रामा पाइन्छ । यसर्थ रससिद्धान्त पौरस्त्य साहित्य सिद्धान्तको अग्रणी र महत्त्वपूर्ण सिद्धान्त हो भन्ने निष्कर्षमा पुगिन्छ । साहित्य जगतमा स्थापित यस रससिद्धान्तको विस्तार वा फैलावट साहित्यका सम्पूर्ण विधाहरूमा रहेको देखिन्छ । चाहे गद्य क्षेत्र होस् चाहे पद्य क्षेत्र होस् रसबिना कुनै विधाको औचित्य रहँदैन । यदि रसबिना कुनै काव्य कृति रचना गर्न खोजियो भने त्यो निर्थक हुन्छ । जुन कृतिको सुवास हुँदैन, वास्नाविहीन पुष्पझैँ बन्दछ । यसर्थ साहित्यमा रससिद्धान्तको आयामलाई नियाल्दा साहित्यका सम्पूर्ण विधामा व्याप्त रही प्राणत्व दिएको निष्कर्षमा पुगिन्छ ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, गोविन्द.(२०६५). *साहित्यसिद्धान्त*, काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, देवीप्रसाद, ओझा, रामनाथ.(२०७८/७९). *ऐच्छिक नेपाली*, काठमाडौँ : करुधरा पब्लिकेसन प्रा.लि. ।

पौड्याल, कृष्णविलास (२०६२).*भाषाविज्ञान र साहित्यसिद्धान्त*, काठमाडौँ : नवीन प्रकाशन ।

पौड्याल, कृष्णविलास (२०६२). *नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वर प्रसाद कोइराला*, काठमाडौँ : नवीन प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०६६). *संस्कृतकाव्यशास्त्र*, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

विश्वनाथ, (२००७). *साहित्यदर्पण*, वनारस : चौखम्बा विद्याभवन ।

शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार